nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

29°C । वर्ष : ५, अंक :७४ पृष्ठ ४ । बुधबार ,०६ साउन २०७८। WEDNESDAY JULY 21, 2021 । www .nepalpostdaily .com । मूल्य ५ रुपैंया

## प्रदेश २ का मुख्यमन्त्री र मन्त्रीहरुको तलब भत्तामा २५ करोडभन्दा बढी खर्च

**बीरगन्ज ०५ साउन ।** प्रदेश २ का मुख्यमन्त्री र मन्त्रीहरुको सुविधामा परिपुर्तीमा गत आर्थिक वर्षमा करोडौं रकम खर्च भएको छ । प्रदेश लेखा कार्यालयले जारी गरेको तथ्यांक अनुसार प्रदेश २ मा आर्थिक वर्ष २०७७/७८ मा मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक, बिभिन्न भत्ता तथा इन्धनमा २५ करोडभन्दा बढी रकम खर्च भएको हो । गत आर्थिक वर्षमा मुख्यमन्त्री, ६ जना मन्त्री र ६ जना राज्यमन्त्री गरी कुल १३ जना पदाधिकारी रहेकोमा उनीहरुले १२ महिनाको अवधिमा मात्र पारिश्रमिक, बैठक भत्ता, अन्य सुविधा, अन्य भत्ता र इन्धनमा २५ करोड ३१ लाख ९२ हजार ३ सय रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरधामका प्रमुख राधेश्याम गिरीले जानकारी दिए । प्रदेश लेखा कार्यालयको तथ्यांकअनुसार उनीहरुको पारिश्रमिकमा १८ करोड १६ लाख ७७ हजार ८ सय ७ रुपैयाँ खर्च भएको छ । पारिश्रमिकको लागि प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७ मा २१ करोड २६ लाख २ हजार रुपैयाँ विनियोजन गरेको थियो । त्यस्तै मुख्यमन्त्री र मन्त्रीहरुका लागि बैठक



भत्ताको शीर्षकमा १ करोड ९ लाख १ हजार २ सय ५३ रुपैयाँ खर्च भएको छ । बैठक भत्ताको लागि गत वर्ष २ करोड ९४ लाख ९० हजार रुपैयाँ विनियोजन गरिएको थियो ।

त्यस्तै उनीहरुको अन्य सुविधाको लागि ६ करोड ७७ लाख ७१ हजार रुपैयाँ विनियोजन गरिएकोमा ४ करोड ५ लाख १ हजार ४ सय ७ रुपैयाँ खर्च भएको छ । अन्य भत्ता शीर्षकमा २१ लाख ८४ हजार रुपैयाँ विनियोजन गरिएकोमा ७ लाख ५७ हजार ७ सय ७५ रुपैयाँ खर्च भएको छ । प्रदेशका मन्त्री र मुख्यमन्त्रीले प्रयोग गरेको सवारीमा १ करोड १३ लाख ३६ हजार ९ सय ७८ रुपैयाँको इन्धन प्रयोग गरिएको प्रदेश लेखा कार्यालयले जनाएको छ । इन्धन शीर्षकमा गत आवमा २ करोड १२ लाख ५ हजार रुपैयाँ विनियोजन गरिएको थियो । प्रदेश सरकारले गत आवमा सिँचाई संरचना निर्माणको लागि २ अर्ब ३९ करोड ५२ लाख रुपैयाँ विनियोजन गरेकोमा १ अर्ब ५६ करोड ७१ लाख ९३ हजार १ सय २१ रुपैयाँ खर्च गरेको छ ।

त्यस्तै सडक तथा पूल निर्माणमा २ अर्ब ४३ करोड ६२ लाख ९२ हजार १ सय ७९, गैरआवासीय भवन निर्माण/खरिदमा २ अर्ब ६८ करोड ३१ लाख ९५ हजार ५१, मेशिनरी तथा औजार शीर्षकमा १ अर्ब १६ करोड १७ लाख ७ हजार ६ सय ८७ तथा अन्य सार्वजनिक निर्माण शीर्षकमा ३ अर्ब ६७ करोड २ लाख ४३ हजार ७ सय ९ रुपैयाँ खर्च गरेको प्रदेश लेखा कार्यालयले जनाएको छ ।

प्रदेश सरकारले सरसफाई संरचना निर्माणको लागि ४९ करोड ९२ लाख ० हजार ४ सय १७ रुपैयाँ खर्च गरेको छ भने वन तथा वातावरण संरक्षण शीर्षकमा ३४ करोड ९२ लाख ४ हजार ५ सय ५५ रुपैयाँ खर्च गरेको छ । खानेपानी संरचना निर्माण शीर्षकमा ७ करोड ६९ लाख ४५ हजार १ सय ३९, तटबन्ध तथा बाँध निर्माण शीर्षकमा २९ करोड १ लाख ४६ हजार ३ सय १५, फर्निचर तथा फिक्चर्स शीर्षकमा ४ करोड करोड ५४ लाख ५३ हजार १ सय ८१, औषधि खरिद खर्च शीर्षकमा ४७ करोड ८६ लाख ५१ हजार ८०, पानी तथा बिजुली शीर्षकमा ४ करोड ६९ लाख १० हजार १ सय ८०, सञ्चार महसुल शीर्षकमा २ करोड २ लाख ४६ हजार ६ सय ४४, सवारी साधन मर्मत खर्च शीर्षकमा ४ करोड ९५ लाख ९६ हजार ८ सय ५४ रुपैयाँ खर्च गरेको छ ।

त्यस्तै प्रदेश सरकारले कार्यालय प्रयोजनको लागि प्रयोग हुने गाडीको इन्धनमा ५ करोड ४२ लाख ६४ हजार ३ सय २२, इन्धन अन्य प्रयोजन शीर्षकमा पुनः ७१ लाख ६० हजार ५२ रुपैयाँ खर्च गरेको छ भने पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शीर्षकमा ३ करोड ५० लाख ८७ हजार ८ सय १५ रुपैयाँ खर्च गरको प्रदेश लेखा कार्यालयले जनाएको छ ।

कर्मचारीहरुको पारिश्रमिकमा गत आर्थिक वर्षमा १ अर्ब २९ करोड २९ लाख ३६ हजार ६ सय ३८ रुपैयाँ खर्च गरेको छ । त्यस्तै पोशाकमा २ करोड ३७ लाख २८ हजार ४०, खाद्यान्नमा ५ करोड ९३ लाख ३३ हजार ६२, महंगी भत्ता शीर्षकमा ५ करोड १८ लाख ३ हजार २४, कर्मचारीको बैठक भत्तामा २ करोड ४६ लाख ६२ हजार ८ सय ८६, कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा १ करोड ३ लाख ४६ हजार ९ सय ९९ तथा अन्य भत्ता शीर्षकमा ७ करोड ८ लाख ११ हजार १ सय ४६ रुपैयाँ खर्च गरेको प्रदेश लेखा कार्यालयको तथ्यांक छ ।

त्यस्तै अनुगमन मूल्यांकन खर्च शीर्षकमा ४ करोड १२ लाख ६७ हजार ३ सय १३, भ्रमण खर्चमा ३ करोड २१ लाख ७५ हजार ५ सय ७२ र विविध कार्यक्रम खर्च शीर्षकमा प्रदेश सरकारले २९ करोड ५ लाख ६ हजार ९ सय ४० रुपैयाँ खर्च गरेको हो ।

प्रदेश सरकारले गत आर्थिक वर्षको लागि ३४ अर्ब ७० करोड ४३ लाख ५१ हजार रुपैयाँ विनियोजन गरेकोमा त्यसको ६६ प्रतिशत अर्थात २२ अर्ब ७५ करोड ३६ लाख ६३ हजार १ सय १८ रुपैयाँ खर्च भएको छ ।

## प्रहरी चौकी पथलैयाका ११ जना प्रहरी कारवाहीमा, अवैध रकम असुलीको आरोप



**बीरगन्ज ०५ साउन ।** निषेधाज्ञाका क्रममा अवैध रकम असुली गरेको आरोपमा प्रहरी चौकी पथलैयाका इन्चार्जसहित ११ जना प्रहरीलाई अनुसन्धानका लागि जिल्ला झिकाइएको छ । प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया र प्रहरी चौकी पथलैयाले सय-सय मिटरको अन्तरमा चेक पोष्टको बोर्ड राखेर दैनिक सवारीको जाँच गर्ने र रकम असुल्ने गरेको जन गुनासोपछि कारवाही थालिएको हो ।

प्रहरी चौकी पथलैयाका ईन्चार्ज श्यामबाबु यादवसहित ११ जनालाई कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय बारामा झिकाइएको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी गराएका छन् ।

हाल पथलैया चौकी ११ जना नयाँ प्रहरी अधिकारीहरु पठाइएको प्रवक्ता मिश्रले बताए । मिश्रका अनुसार अपराध नियन्त्रण, लागुऔषध ओसारपसार, तस्करी नियन्त्रण, हातहतियार ओसार पसारलगायतकाको जाँचपासका लागि खटाइएका प्रहरीहरुले रकम असुली गर्न थालेको विषय प्रकाशमा आएपछि अनुसन्धान थालिएको जनाइएको छ ।

प्रदेश ट्राफिक कार्यालय पथलैयामा केन्द्रीय प्रहरी विभागका टोलीले अनुसन्धान तथा आवश्यक विभागीय कारवाही गर्ने मिश्रले बताए । निषेधाज्ञाको समयमा पासविना गुडेका सार्वजनिक यात्रुबससँग दुवै चेकपोस्टले दुई हजार रुपैयाँसम्म लिने गरेका थिए । दुवै चेक पोस्टमा चर्को शुल्क लिएपछि त्यसको भुक्तानी यातायात व्यवयीले सर्वसाधारणबाट असुल्दा यात्रुले चर्को भाडादरमा यात्रा गर्नुपरेको थियो ।

## प्रदेश २ मा फिल्मसिटी निर्माण हुने

**बीरगन्ज ०५ साउन ।** प्रदेश २ मा फिल्मसिटी निर्माण हुने भएको छ । प्रदेश नम्बर २ का आन्तरिक मामिला एवम् सञ्चार मन्त्री भरत प्रसाद साहले प्रदेश २ मा फिल्मसिटी निर्माणका लागि जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएसँगै फिल्म सिटी निर्माण हुने भएको हो ।

नेपाल इन्जिनियरिंग अर्गनाइजेशन नेपाल (नेकोन) प्रदेश नम्बर २ ले आयोजना गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले फिल्मसिटीका लागि कर्जना नगरपालिकामा जग्गा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका हुन् । सो अवसरमा उनले नेपाल प्रहरीलाई प्रदेश मातहतमा ल्याउने गृहकार्य पनि भइरहेको जानकारी गराए ।

नेकपा माओवादी केन्द्रका नेतासमेत रहेका साह मन्त्रीमा नियुक्त भएपछि नेकोनले साहलाई सम्मान गरेको हो । सम्मान कार्यक्रममा अनेर स्ववियू क्रान्तिकारीका उपाध्यक्ष रबीकिरण यादव, नेकोन प्रदेश २ का कोषाध्यक्ष श्याम चौधरी लगायतको उपस्थिती रहेको जनाइएको छ ।

## करेन्ट लागेर पुजारीको मृत्यु

**सर्लाही ०५ साउन ।** सर्लाहीको बसवरियामा करेन्ट लागेर एक पुजारीको मृत्यु भएको छ । बसवरिया गाउँपालिका-६, सोहडवा स्थित राम जानकी मन्दिरका पुजारी अन्दाजी ६० वर्षीय किशोरी दाश बैरागीको करेन्ट लागेर मृत्यु भएको हो । मन्दिरको बरण्डामा भजन किर्तनका लागि माइकमा तार जोड्ने क्रममा उनलाई करेन्ट लागेको प्रत्यक्षदर्शीको भनाई छ ।



करेन्ट लागे लगतै स्थानीयले प्रहरीलाई खबर गरेका थिए । पुजारी दाशको घटनास्थमै ज्यान गएको प्रहरीले जनाएको छ । उनको शव आफन्तको जिम्मा लगाइएको छ । जिल्लाको बिष्णु गाउँपालिका-८, बक्रौल घर भएका दाश विगत ४५ वर्षदेखि उक्त मन्दिरमा पुजारीको रुपमा रहँदै आएका थिए ।

घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीका सूचना अधिकारी एवं प्रहरी निरिक्षक कृष्ण गिरिले बताए ।

## प्रदेशका सचिवहरुको पिडा : न काम गर्ने कार्यकक्ष, न कार्यालय जान सवारी !

**बीरगन्ज ०५ साउन ।** प्रदेश २ सरकारले मन्त्रालयहरुको संख्या थप गरेसँगै व्यवस्थापनमा पिडा थपिएको छ । मन्त्रालयको संख्या बढाइए पनि भवन अभावसँगै भौतिक पूर्वाधार तथा कर्मचारी व्यवस्थापनमा समस्या सुरु भएको हो । मन्त्रालयको संख्या बढाइए पनि भवन अभावसँगै सचिवलाई नै कार्यकक्षको अभाव देखिएको छ । नयाँ सिर्जना गरिएको खानेपानी तथा ऊर्जा मन्त्रालयमा सचिवलाई नै कार्यकक्षको अभाव देखिएको छ ।

साविकमा भौतिक पूर्वाधार विकास मन्त्रालयमा सचिवको जिम्मेवारी सम्हालेका रामआधार साहलाई हाल खानेपानी तथा ऊर्जा मन्त्रालयको जिम्मेवारी दिइएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिवमा दीपककुमार दासले पद बहाली गरिसकेका छन् । उनी आउनुअघि सचिव साहले नै भौतिक पूर्वाधार र खानेपानी मन्त्रालयको समेत कार्यभार सम्हालेका थिए । तर, भौतिक पूर्वाधार मन्त्रालयमा सचिव दासको पद बहालीपछि खानेपानी तथा ऊर्जा मन्त्रालयका सचिव साहलाई कार्यकक्षको अभाव देखिएको छ । नयाँ मन्त्रालयमा कार्यकक्ष तयार भइनसकेको र पुरानो मन्त्रालयमा दरबन्दीअनुसारका सचिवले पद बहाली गरिसकेको अवस्थामा सचिव साहलाई कार्यकक्षको अभाव भएको हो । यतिमात्र होइन, सचिव साहका लागि अहिले गाडीको समेत व्यवस्था छैन । गाडीको व्यवस्था नगरिएका कारण उनी हाल साइकल चढेर मन्त्रालयमा हाजिर गर्न आउने गरेका छन् । खानेपानी तथा ऊर्जा मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय एउटै भवनमा छ ।

दुवै मन्त्रालय कांग्रेसको भागमा परेको छ । प्रमुख सचिव गोकर्णमणि दुवाडीले मन्त्रालयको संख्या बढाइएसँगै कार्यालय व्यवस्थापन कार्य भइरहेको बताए । भवन अभावका कारण तत्कालका लागि आन्तरिकरुपमै सचिवहरुले एकअर्कासँग समन्वय गरेर काम गर्नुपर्नेमा जोड दिँदै उनले मन्त्रालयभित्रका अल्पकालीन समस्यालाई बाहिर छताछुल्ल गर्नु गलत भएको बताए ।

## नारायणी अस्पताललाई बैंक अफ काठमाण्डौंको सहयोग, ५ थान प्यासेन्ट मोनिटर हस्तान्तरण

**बीरगन्ज ०५ साउन ।** बैंक अफ काठमाण्डौंले बीरगन्जस्थित नारायणी अस्पताललाई ५ थान प्यासेन्ट मोनिटर हस्तान्तरण गरेको छ । मंगलबार एक कार्यक्रमका बीच बैंकले अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्र किशोर लाभलाई ७ लाख मूल्य बराबरको उपचार उपकरण हस्तान्तरण गरेको हो । अस्पतालमा उपचारका लागि



आउने बिरामीहरुको सेवामा सहजता होस् भन्ने उदेश्यले ५ थान प्राविधिक उपकरण उपलब्ध गराएको बैंक अफ काठमाण्डौंका प्रदेश २ प्रमुख दिपक श्रेष्ठले बताए ।

कार्यक्रममा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.विरेन्द्र बहादुर प्रधान, अस्पताल विकास समिति सदस्य सुरेन्द्र गुप्ता, बैंक अफ काठमाण्डौंका शाखा प्रमुख सुरेस यादव, सन्देस पोखरेल, युवा अभियन्ता ओमप्रकाश सर्राफ लगायतको सहभागिता रहेको थियो ।

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| कार्यकारी सम्पादक | :- मनोज पटेल |
| सम्पादक | :- राजेश दास / अशोक संग्रौला |
| उप- सम्पादक | :- संतोष साह |
| सहसम्पादक | :- विवेक कर्ण |
| सम्पर्क कार्यालय | :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- न्यु भवानी अफसेट प्रेस,वीरगन्ज,१२ |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# देउवाका चुनौती

प्रतिनिसभामा २५ प्रतिशत पनि सांसद नरहेको नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री पदका निम्ति भारी मत पाएका छन्। सर्वोच्च अदालतको परमादेश पछि २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो दिन नै विश्वासको मत लिए। निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले जनादेशबाट नभएर परमादेशबाट प्रधानमन्त्री नियुक्त भएको आरोप लगाएपनि देउवाले प्रतिनिधिसभामा १६५ मत पाए। जबकी प्रधानमन्त्री देउवालाई बहुमत पुऱ्याउन १३६ मत आवश्यक थियो। अर्थात् २०७४ को निर्वाचनपछि प्रधानमन्त्री नियुक्त ओलीले जतिकै मत देउवाले पनि पाएका छन्। वाम गठबन्धनबाट निर्वाचन लडेर प्रधानमन्त्री बनेका ओलीलाई त्यसबेला १७४ सांसद (नेकपा एमाले १२१ र माओवादी केन्द्र ५३) ले समर्थन गरेका थिए। ओली भन्दा देउवाले ९ मत मात्रै कम पाएका छन्। यो भनेको प्रतिनिधिसभाको ठूलो विश्वास हो। तर सँगै, देउवाका निम्ति यो चुनौती पनि हो।

किनभने प्रतिनिधिसभामा काँग्रेसको ६१ मत मात्रै छ। १०४ सांसद अन्य दलका हुन्। त्यसमा ओली नेतृत्वकै नेकपा एमालेको २२ मत छ। बरिष्ठ नेता माधवकुमार नेपाल समूहले देउवालाई विश्वासको मत दिएका छन्। यस बाहेक नेकपा माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा) का ३२ र राष्ट्रिय जनमोर्चाका एक सांसदले देउवालाई विश्वासको मत दिएका छन्। ओलीले दुई पटक (५ पुस र ७ जेठ) भंग गरेको र सर्वोच्च अदालतले पुनर्स्थापना गरेको संसदलाई पूरा कार्यकाल टिकाउनु देउवाका निम्ति पहिलो चुनौती हो।

अझ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको चतुरता, नेकपा एमालेको विवाद र जसपाको आन्तरिक कलहले जुनसुकै बेला देउवाले विश्वासको मत गुमाउन सक्छन्। अर्थात् संसद्मा बहुमत टिकाइरहन देउवा सदैव सचेत रहनुपर्नेछ। अझ मुलुक अहिले पनि असामान्य अवस्थामा छ। कोरोना महामारीको संक्रमणबाट झण्डै दश हजारले ज्यान गुमाइसकेका छन् भने अहिले पनि संक्रमण उल्लेख्य मात्रामा घटेको छैन। सवै नागरिकलाई कोरोना विरुद्धको खोप उपलब्ध नगराएसम्म नागरिक आक्रोश शान्त हुनेछैन।

अत: राजनीतिक संकट जस्तै जनजीवनको समस्या सम्बोधनमा केन्द्रीत हुनुपर्नेछ। त्यसैले देउवाका निम्ति आफ्नो जीवनको पाँचौं पटकको प्रधानमन्त्री पद सफल बनाउन सजिलो छैन। त्यसका निम्ति देउवाले समन्वय, सहकार्य र सहमतिलाई प्राथमिकतामा राख्नुपर्नेछ। आमनागरिकको विश्वास पूरा गर्नुपर्नेछ।

# राष्ट्रपतिको नैतिकताको प्रश्न



**सरिता तिवारी**

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सत्ता-उन्माद र शृंखलाबद्ध महत्त्वाकांक्षाकी अविकल सहयोगी राष्ट्रपति विद्यादेवी भण्डारीबारे यति बेला जनमानसले खरो प्रतिक्रिया गरिरहेको छ।सर्वोच्च अदालतको परमादेशले ओलीको सत्ता बहिर्गमनपछि ओली-अहंका समस्त कृत्यकी सारथि राष्ट्रपति भण्डारीचाहिँ प्रश्नको घेराबाट बाहिर हुन सक्ने स्थिति रहन्छ? के उनीसँग आफ्नै हस्ताक्षरले दुई-दुईपल्ट विघटन गरेर दुवैपल्ट पुन:स्थापित व्यवस्थापिकासहितको कार्यपालिकाको अभिभावक बन्ने राजनीतिक, नैतिक हैसियत बाँकी छ? ओली-गमनपछि पनि संसद् पुन:स्थापनासँगै नवप्रधानमन्त्रीको नियुक्ति र शपथग्रहण अनि महान्यायाधिवक्ताको नियुक्ति र शपथमा देखिएको हेलचेक्र्याइँपूर्ण रवैयाले समेत देखाउँछ, न त उनी सम्मानित न्यायालयको फैसलाप्रति गम्भीर छिन् न उनमा पदीय गुरुत्वको आत्मबोध नै छ।

उनी यतिखेर जहाँ छिन्, त्यो नेपालीजनका संघर्षहरूको सानो दु:खले आर्जित ठाउँ होइन। यो कुनै दलको प्रधानमन्त्री या पटके सरकार जस्तो आज आउने र भोलि बाहिरिने त्यति हलुंगो ठाउँ पनि होइन। नेपाली इतिहासको लामो सपनाको सकसमय प्रसवले जन्माएको पद हो 'राष्ट्रपति'! यो दलीय वितण्डा र घनघोर महत्त्वाकांक्षाले फोहोर पार्ने ठाउँ त झन् कदापि होइन।

नियमित संसदीय राजनीतिमा सरकारहरू बन्नु/भत्कनु या प्रधानमन्त्री र मन्त्री/सांसदहरूले व्यक्तिगत साख बनाउनु/भत्काउनु सामान्य नै मान्न सकिएला तर 'राष्ट्रपति' मुलुकको साझा राजनीतिक-सांस्कृतिक प्रतीक हो। यसको गरिमा र ओजमाथि गरिने खेलाँचीको मूल्य व्यक्ति एक्लैले वा उसले हिजो प्रतिनिधित्व गर्दै आएको दलले मात्र चुकाउँदैन, इतिहासले नै चुकाउनुपर्ने हुन्छ। यति महँगो मूल्यमा नेपाली जनता र सिंगो लोकतन्त्र-गणतन्त्र कसैका पनि हर्कत खप्न बाध्य छैन। मुलुकको इतिहासमा पहिलोपल्ट कुनै महिला सर्वोच्च पदमा स्थापित भइन्। त्यो पनि एकपल्ट मात्र होइन, लगातार दुईपल्ट। नेपालको संविधान-२०७२ को धारा ७० ले 'राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिंग वा समुदायको हुनुपर्ने' व्यवस्था गरेअनुसार नेकपा एमालेकी नेता विद्यादेवी भण्डारी शासकीय परम्परामा क्रमभंग गर्ने पहिलो महिला हुन पुगिन्। गणतन्त्र नेपालको दोस्रो राष्ट्रपतिका रूपमा उनलाई स्वागत गर्दा उनको विगत इतिहासका प्रिय-अप्रिय घामछाया बिर्सेरै नेपालीजन उत्साहित भएका थिए। समयरेखा पनि यस्तो बनेको थियो कि एकैपल्ट न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका (राष्ट्रपति कार्यालय आधारभूत रूपमा कार्यपालिकीय क्षेत्र नै हो भन्ने मान्यतानुसार) तीनैवटा मुख्य अंगमा महिलाको उपस्थितिले यो व्यवस्थाप्रति गर्व गर्न लालायित भइन्थ्यो। संसारभरका सचेत मानिसहरू नेपालतर्फ फर्केर उदाहरण दिन्थे। प्रतीकात्मक रूपले पनि यो आफैंमा सानो उपलब्धि होइन। व्यक्ति र दलका समस्या र दोषको छायाले इतिहासको गौरवपूर्ण प्राप्तिलाई ओझेल पार्नु अन्यायपूर्ण हुन्छ। त्यस अर्थले विद्यादेवी भण्डारी जहाँनेर उभिन आइपुगिन्, यो हाम्रो साझा सपनाको साक्षात् अभिव्यक्ति थियो। उनका निजी र दलीय दुवै खाले परिसीमाहरूका बावजुद हामीले 'राष्ट्रपति' लाई हृदयले सम्मान गर्दै आयौं। राष्ट्रपतिको पदभार लिएपछि विद्यादेवी भण्डारी पार्टीविशेषकी नेता वा तत्कालीन अखिल नेपाल महिला संगठनकी अध्यक्ष लगायतको परिचयकी व्यक्ति मात्रै रहिनन्। उनी यी सबै परिचयलाई फड्किएर देशको राष्ट्रिय एकताको प्रवर्द्धन, संविधानको पालन र संरक्षण गर्ने पदधारी भइन्। यो दुर्लभ उचाइमा आसीन हुने योग्यताका लागि उनैको पार्टीभित्र या अन्य पार्टीमा समेत उपयुक्त महिला उम्मेदवार नभएका होइनन्। थिए। तर संसदीय गणितका सन्तुलन र कतिपय संयोगले यस्तो मौका उनैलाई जुऱ्यो। हो, उनीसँग राजनीतिक लडाइँमा सहभागिताको अनुभव-पुँजी थियो र उनी यो पद 'डिजर्भ' गर्ने पात्र नै हुन्।

यसमा धेरैथोरै मतान्तर हुन सक्छ तर नवस्थापित राजनीतिक व्यवस्थाको अभ्यासमा कतिपय मतान्तर गौण हुन्छन् र प्रतीकात्मक उपलब्धिहरू मुख्य बन्छन्। यस अर्थमा यो उनको निजी उपलब्धि मात्र कदापि थिएन, दशकौंका राजनीतिक संघर्ष र रक्तपातमय जनयुद्धका तमाम योद्धाहरूको रगत, पसिना र संकल्पको साझा प्राप्ति थियो। समय कतिपय अप्ठ्यारा र दु:खद दृश्यको साक्षी हुँदै अघि बढ्दो रहेछ। यसले व्यक्ति-जीवन वा समाज-जीवनमा मात्रै होइन, राष्ट्रकै जीवनमा पनि गम्भीर पाठ सिकाउँदै हिँड्दो रहेछ। विद्यादेवी भण्डारी पार्टीका गुट राजनीतिभित्र कति प्रशंसित या आलोचित थिइन्, यो आम सरोकारको विषय रहेन। २०५० सालमा नेकपा (एमाले) का लोकप्रिय नेता तथा उनका जीवनसाथी मदन भण्डारीको शंकास्पद निधनपछि सेतो वस्त्रको 'इमोसनल कारोबार' गर्दै २०५१ सालको चुनावमा उम्मेदवार बनाइएकी भण्डारीको राजनीतिक पुनरागमन आफ्नै स्वतन्त्र छनोट थियो कि पार्टीको हितरक्षाका दबाबको परिणाम? त्यो पनि यहाँनेर त्यति गहिरो मीमांसाको विषय रहेन। (चुनावी राजनीतिमा वैधव्यको संवेदना किन र कसरी उपयोग हुन्छ, देखिएको र बुझिएकै कुरा हो।) ब्लड क्यान्सरजस्तो असाध्य रोग जितेर सामान्य जीवनमा फर्केकी भण्डारीप्रति आम मानिसको सहानुभूति राम्रै थियो। पार्टीमा वर्षौं भूमिगत राजनीति गरेका महिला नेताभन्दा निकै बलियो हुँदै उनको करिअर उत्तरोत्तर अघि बढिरहेको थियो। २०५४ सालमा जनसंख्या तथा वातावरणमन्त्री हुँदै २०६६ सालमा रक्षा मन्त्रालयमा फड्को

बाँकी तेश्रो पृष्ठमा

# खुसीको खोजीमा विश्वव्यापी अभियान

**उमेशप्रसाद मैनाली**

चिनियाँ कम्युनिस्ट पार्टीको शतवार्षिकी समारोहमा केही दिनअघि राष्ट्रपति सी चिनफिङले विश्वका १६० देशका नेताहरूलाई जनताको खुसी र प्रगतिका लागि राजनीतिक दलहरू प्रतिबद्ध हुनुपर्ने सन्देश दिएका थिए।

खुसी र प्रगति हासिल गर्ने तथा विकासका फलको समन्यायिक हिस्सा पाउने हक जनताको भएको र यसमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्नुमै राजनीतिक दलको औचित्य साबित हुने उनको भनाइ थियो। चिनियाँ नेताको यो राजनीतिक उपदेश केवल राजनीतिक दलहरूबीचको औपचारिक सम्बन्धको नवीकरण मात्र थिएन, यसको अन्तर्य दूरगामी अर्थ दिने खालको थियो।

यस सन्देशमार्फत चीनले अब आफू विकासशील मुलुकको नेताबाट सम्पन्न गौरवशाली चीन भएको संकेत गर्नु, सोभियत संघको विखण्डनपश्चात् एकलध्रुवीय विश्वलाई चुनौती दिने क्षमता प्रदर्शन गर्नु अनि क्षेत्रीय र विश्वव्यापी नेतृत्व लिने महत्त्वाकांक्षाको संकेत गर्नु थियो। चीनले आर्थिक, वैज्ञानिक र सामरिक क्षेत्रमा गरेको प्रगतिले साँच्चै यसमा ऊ हकदार हुँदै गएको देखिन्छ। अब ड्रागनले चील, सिंह र मयूरलाई चुनौती दिन थालेको महसुस भएको छ। लुकेको आशय जे भए पनि सी चिनफिङको सन्देश सबै दलहरू र सरकारका लागि प्रेरणादायी हुनुपर्छ। तर, चिनियाँ राष्ट्रपतिको यो सन्देशमा कुनै नवीनता भने देखिँदैन। खुसियालीका लागि विश्व-अभियानले औपचारिकता पाएकै एक दशक भइसकेको छ।

मानिसहरू कुनै न कुनै सुखको खोजीमा हुन्छन्। त्यो सुख भौतिक वा ऐन्द्रिक, बौद्धिक, सांस्कृतिक, व्यष्टिनिष्ठ वा वस्तुनिष्ठ हुन सक्छ। सुखप्राप्तिका माध्यमहरू व्यक्तिका अभीष्टअनुरूप असंख्य हुन सक्छन्। देखिने सुखले वा भौतिक समृद्धिले मात्र मानिस खुसी हुन सक्दैन। यसका लागि उसले अन्तरात्मादेखि नै सुख र सन्तोष महसुस गर्न सक्नुपर्छ। गीतामा भगवान् श्रीकृष्णले अन्त:सुखमा योगस्थ हुनेले नै सुख-शान्ति पाउँछ भनेका छना। स्वामी विवेकानन्दले भनेका छन्, 'मानिस जति निम्नस्तरको हुन्छ, ऊ इन्द्रियजनित सुखमा उत्ति नै रमाउँछ; तर जो सुसंस्कृत र सुशिक्षित हुन्छ, उसले चिन्तन, दर्शन, कला र विज्ञानमा आनन्द पाउँछ। आध्यात्मिकता त त्योभन्दा पनि उच्च स्तरको विषय हो।' धार्मिक शिक्षामा यही आध्यात्मिक सुखको चर्चा बढी गरिन्छ। भौतिक सुख क्षणिक हुन्छ भने उच्चस्तरको आत्मिक सुखले आनन्द र खुसीलाई बढाउँछ। यही सुखको वितरण गर्नुमै राज्यको औचित्य साबित हुन सक्छ। सन् २०११ देखि नै संयुक्त राष्ट्र संघले भुटानले प्रस्ताव गरेको 'ह्याप्पिनेस इन्डिकेटर' (खुसीका सूचकहरू) स्विकारेको हो। संयुक्त अरब इमिरेट्सले यसका लागि बर्सेनि 'वर्ल्ड गभर्नमेन्ट समिट' गर्दै आएको छ। पछिल्लो पटक दुबईमा सरकारप्रमुखहरूको विश्व सम्मेलन-२०१९ 'सेपिङ द फ्युचर अफ गभर्नमेन्ट' भन्ने नाराका साथ सम्पन्न भएको छ। वर्ल्ड ह्याप्पिनेस रिपोर्ट प्रत्येक वर्ष प्रकाशित गरिन्छ, जसमा कुन देशका जनता कति खुसी छन् भन्ने उल्लेख गरिएको हुन्छ।

खुसीको खोजी राज्यजत्तिकै पुरानो मानिन्छ। वैदिक कालदेखि शास्त्रीय विचारक र दार्शनिकहरूले राज्य र सरकारको अन्तिम उद्देश्य जनताको अधिकतम सुख हुनुपर्ने तर्क दिँदै आएका थिए। अठारौं शताब्दीको उपयोगितावादको विचारधाराका प्रवर्तक जर्मी बेन्थम, जेएस मिलले 'अधिकतम मानिसको अधिकतम सुख' को नारासहित सुखवाद (हेडोनिज्म) को विचार अगाडि ल्याएका थिए। तर, अति व्यक्तिवादी यस वादले परोपकार, उदारता र नैतिकताजस्ता पक्षहरूलाई बेवास्ता गरेकामा आलोचना हुन थाल्यो। विवेकानन्दले भनेका छन्, 'उपयोगितावादले मानिसको नैतिक सम्बन्धको व्याख्या गर्न सक्दैन।' अहिले खुसी मापन गर्ने विभिन्न परिसूचक आधुनिक अध्ययन विधिको अवलम्बन गरेर वर्ल्ड ह्याप्पिनेस रिपोर्ट सार्वजनिक गर्ने गरिन्छ। किन खुसी र सुखलाई विश्वभरका सरकारहरूले यति बढी महत्त्व दिन थालेका हुन्? किन यो 'ग्लोबल एजेन्डा' बन्दै छ? मुख्यत: तीन पक्षबाट यसलाई उच्च प्राथमिकता दिन थालिएको देखिन्छ। पहिलो, आर्थिक विकासले मात्र खुसीको अनुभूति दिँदो रहेनछ। कैयौं धनी देशका मानिसहरू खुसी देखिँदैनन् र विश्वका धनाढ्यहरू खुसी र शान्तिका लागि भौंतारिएका समेत देखिन्छन्। पैसा धनीहरूका लागि कम महत्त्वको वेल्सले '

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाको ओरिगन राज्यमा फैलिएको डढेलोले भीषण रुप लिँदै



**काठमाडौं ०५ साउन ।**
अमेरिकाको ओरिगन राज्यमा फैलिएको डढेलोले भीषण रुप लिँदै गएको छ । अमेरिकामा हाल सक्रिय रहेका डढेलो मध्ये ओरिगनको जंगलमा फैलिरहेको आगो सबैभन्दा भीषण छ । डढेलोका कारण अहिलेसम्म १२ सय १४ स्क्वायर किलोमिटर क्षेत्र जलेको छ । डढेलो विस्तार हुँदै जाँदा आसपासका क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ । ओरिगनको इतिहासमा भीषण मध्ये एक रहेको बूटलेग फायर भनिएको डढेलो नियन्त्रणका लागि दुई हजार भन्दा धेरै अग्निनियन्त्रक खटिएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । जुलाई ६ मा सुरु भएको यो डढेलो लस एन्जलस शहर भन्दा ठूलो क्षेत्रमा फैलिसकेको छ । अहिले अमेरिकाका १३ राज्यमा ठूलो आकारका ८० भन्दा बढि डढेलो सक्रिय छन् । अत्याधिक गर्मी तथा तीव्र गतिको हावाका कारण डढेलो निरन्तर फैलिरहेको छ । गम्भी तथा तीव्र गतिको वायुका कारण अग्निनियन्त्रकहरुलाई नियन्त्रण प्रयासमा चुनौति भइरहेको छ । बूटलेग डढेलोका कारण अधिकांश ग्रामीण क्षेत्रका कम्तीमा दुई हजार बासिन्दा आफ्नो घर छोड्न बाध्य भएका छन् । अहिलेसम्म कम्तीमा १६० घर ध्वस्त पारिएका छन् । मौसम आफूहरुको नियन्त्रण प्रयासका लागि निकै प्रतिकुल रहेको र निरन्तर तापक्रम बढ्नु तथा हावा चल्नु आफूहरुका लागि चुनौतिको विषय रहेको स्थानीय अधिकारीले बताएका छन् । यो वर्ष अहिलेसम्म अमेरिकाको १२ लाख एकड क्षेत्रमा डढेलो लागिसकेको छ । अहिलेसम्म डढेलोका चार हजार भन्दा बढि घटना भएका छन्, जुन अघिल्लो वर्षको कुल घटना भन्दा झण्डै दोब्बर हो ।

## अमेरिकी सांसद मार्जरी टेलर ग्रीनको ट्वीटर ह्याण्डल निलम्बित



**काठमाडौं ०५ साउन ।**
ट्वीटरले अमेरिकी सांसद मार्जरी टेलर ग्रीनको ह्याण्डल अस्थायी रुपमा निलम्बित गरेको छ । कोरोना भाइरस र खोपलाई लिएर भ्रामक जानकारी पोस्ट गरेको भन्दै ट्वीटरले विवादास्पद रिपब्लिकन सांसद ग्रीनको ट्वीटर ह्याण्डल १२ घण्टाका लागि निलम्बित गरेको हो ।
१२ घण्टासम्म उनको एकाउन्ट 'रिड-ओन्ली मोड' मा हुने ट्वीटरले जनाएको छ । अर्थात सो अवधिमा उनले कुनै पनि पोस्ट गर्न सक्ने छैनन् । जर्जियाबाट तल्लो सदन हाउस अफ रिप्रिजेनटेटिभमा प्रतिनिधित्व गर्ने सांसद ग्रीनले कोरोना भाइरसविरुद्धको खोप तथा मास्कको खुला रुपमा विरोध गर्दै आएकी छन् । उनी लगातार जस्तो विवादास्पद र भ्रामक टिप्पणीका कारण चर्चामा रहँदै आएकी छन् । गएको महिना उनले कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि मास्क लगाउनु पर्ने भन्दै लागु गरिएको नियमलाई नाजी जर्मनीमा यहुदीमाथि भएको व्यवहारसँग तुलना गरेकी थिइन् । त्यसका लागि उनले पछि माफी मागेकी पनि थिइन् । र पनि सांसद ग्रीनले लगातार विवादास्पद र भ्रामक टिप्पणी गर्न छोडेकी छैनन् । उनी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पकी प्रमुख समर्थक मध्ये एक हुन् । सोमबार उनले गरेका दुई ट्वीटमा खोप आवश्यक नरहेको आशय व्यक्त थियो । उनले ६५ वर्षमुनिका व्यक्तिका लागि कोभिड-१९ जोखिमयुक्त नरहेको उल्लेख ती ट्वीटमा गरेकी थिइन् । वैज्ञानिक तथा स्वास्थ्य विज्ञ र प्रमाणहरुले भने उनको दाबी विपरित देखाउँदै आएका छन् । दुवै पोस्टहरु अहिले पनि देखिन्छ तर ट्वीटरले भ्रामक जानकारी रहेको ट्याग ती ट्वीटमा लगाएको छ ।
गएको अप्रिलमा पनि ट्वीटरले उनलाई निलम्बित गरेको थियो, तर लगत्तै सो निलम्बन हटाइएको थियो । पछिल्लोपटक आफ्नो एकाउन्ट निलम्बनमा परेपछि ग्रीनले ह्वाइट हाउसको सहयोगमा सिलिकन भ्यालीले वाक स्वतन्त्रतामाथि आक्रमण गरेको आरोप लगाएकी छन् ।

## इराकमा बम विस्फोट, कम्तीमा २५ जनाको मृत्यु



**काठमाडौं ०५ साउन ।**
इराकको राजधानी बग्दादको व्यस्त बजार क्षेत्रमा भएको बम आक्रमणमा कम्तीमा २५ जनाको ज्यान गएको छ ।
इदको किनेमेलका लागि मानिसहरुको भिड भएका बेला बजार क्षेत्रमा बम आक्रमण भएको हो । घटनामा धेरै मानिस घाइते भएका स्थानीय सुरक्षा स्रोतलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।
बग्दादको उत्तरी सद्री बजार क्षेत्रमा विस्फोट भएको हो । मंगलबारको इदका लागि किनेमेलका लागि गएका मानिसहरु बिस्फोटमा परेका हुन् । पछिल्लो ६ महिना यता बग्दानमा भएको यो ठूलो बम आक्रमण हो ।
इस्लामिक स्टेट (आइएस) ले बिस्फोटको जिम्मेवारी लिएको छ । आफ्ना एक सदस्यले आत्मघाती विस्फोट गराएको आइएसको भनाई छ । इराक सरकारले सन् २०१७ को अन्त्यमा आइएसविरुद्ध जितको घोषणा गरेको थियो । तर त्यसयता पनि यस्ता आक्रमण आइएसले गर्दै आएको छ ।

## राष्ट्रपतिको नैतिकता....

मारिरँहदा उनी भावी प्रधानमन्त्रीकै रूपमा अनुमानित थिइन । उनको ऊर्ध्वमुखी राजनीतिक अवतरणमा 'ब्याक बाइट' या 'पब्लिक गसिप' का निम्ति जे-जे भनिए पनि ती सबै थोक अन्ततः दैनिक राजनीतिका ऊहापोहभन्दा बढी हुन्थे यदि उनले आफ्नो व्यक्तित्व, पदीय मर्यादा र संविधानको रक्षा गर्ने विवेक र दूरदर्शिता देखाउन सकेकी भए ।
तर पछिल्ला साढे तीन वर्षमा विकसित घटनाक्रमले देखाउँछन्, के उनी राष्ट्रपति पदमा पुनर्निर्वाचित हुनुमा संयोग कम र योजनाबद्ध नियत बढी थिएन ? निवर्तमान प्रधानमन्त्री ओलीले पछिल्लो कालमा यिनैलाई रक्षाकवच बनाएर जे-जस्ता धुन्धुकारि हर्कत गर्दै आए, त्यसको पृष्ठकथा यही बदनियतको धागोमै जोडिएको होइन ? ओली सरकारको आर्थिक भ्रष्टाचारका समग्र नेटवर्क र सत्ताको आयु बढाउन ल्याइएको हरेक जनविरोधी, संविधानविरोधी अध्यादेश र सिफारिसमा सही धस्काइदिने ' कम्फर्टेबल' व्यक्ति भैदिनुको बदलामा उनले अन्ततः के पाइन ?
न्यायालय र जनमानस दुवैबाट घोर अविश्वास ! प्रयोगशालाको मुसा-भ्यागुताजसरी इतिहासकै चरम महत्त्वाकांक्षी प्रधानमन्त्रीको अहंकारका लागि ' प्रयोग' हुनु उनलाई कतिसम्म भारी भएको छ र हुनेवाला छ, यसको भेउ उनी स्वयंलाई होला कि नहोला ? 'जननेता' मदन भण्डारीकी जीवनसाथी र एक पूर्वराष्ट्रपतिका रूपमा उनी जुन स्नेह र सम्मानको अधिकारी हुनुपर्ने हो, भविष्यमा त्यो सम्भव छ ? यसबारे उनले केही सोचेकी होलिन् कि नाइँ ? उनी यो राजनीतिक दुःखान्तको बोझ हलुङ्गो बनाएर मात्रै पदमुक्त हुनेबारे सोच्न जरुरी पनि ठान्छिन् कि नाइँ ?
व्यक्तिमा शासकीय अहंकार पलाएर भए-गरेका कतिपय त्रुटिमाथि अलिबेर आलोचना हुन्छ र त्यो बिस्तारै सेलाउँछ । राज्ययन्त्रभित्र बस्दा संस्थागत 'साख' जोगाउन खातिर बोलिएका कतिपय संवेदनहीन अभिव्यक्ति र गतिविधि पनि निश्चित प्रसंगमा बाहेक सामूहिक सम्झनामा विरलै रहन्छन । राष्ट्रपति भण्डारीको हकमा उनी रक्षामन्त्री रहँदा या राष्ट्रपतिसमेत भएपछिका केही आलोच्य गतिविधिलाई मानवीय कमजोरी भनेरै बिर्सन सकिएला । तर जब नियतवश दोहोरिने घटना र तिनैका उपक्रमको चाङ बन्दै जान्छ, ती त्रुटि वा कमजोरी मात्रै रहन्नन् । संवैधानिक पदमा बसेर संविधानकै हुर्मत लिन उनी जुन-जुन कृत्यमा सहभागी भइन्, त्यो इतिहासले बिर्सने गरी क्षम्य छँदै छैन ।
यतिखेर, सामाजिक सञ्जाल र कतिपय दलभित्रै समेत अब राष्ट्रपतिले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने विषय उठाइएको देखिन्छ । कतिले त उनलाई महाभियोग नै लगाउनुपर्नेसमेत धारणा राखेका छन । मुख्य दलहरू महाभियोग लगाइहाल्ने पक्षमा देखिँदैनन् । यसका पछाडि प्राविधिक र पर्याप्त गणितका समस्या पनि हुन सक्लान् तर यो विषय यत्तिकै रहनेवाला भने छैन । आम वृत्तमै पनि चियापसल र चोक-चौतारामा उनीमाथि प्रश्न उठिरहेकै छ । विशेष गरी गत पुस ५ को संसद् विघटन प्रकरण र फागुन ११ मा सर्वोच्च अदालतले गरेको संसद् पुनःस्थापनाको फैसलापछि पनि सत्तान्ध ओलीले संविधानका धाराहरूसँग गरेको कबड्डी खेलमा उनी ओलीसँगै कुदिरहिन् । सबैभन्दा अशोभनीय र अक्षम्य चरण यही हो । कम्तीमा पनि पछिल्लो चरणमा आइपुग्दा प्रधानमन्त्रीका रूपमा विश्वासको मत लिन नसकेका ओलीलाई तिमी असफल भयौ, अब आफ्नै पार्टी वा प्रतिपक्षका अरूका लागि बाटो छोड भन्नेसम्मको नैतिक विवेक देखाउन सकेकी भए उनका सारा पुराना कमजोरी माफ हुन सक्थे । उनले त्यसो त गरिनन् नै, उल्टै वैशाख २७ गते प्रतिनिधिसभामा विश्वासको मत लिन नसकेका ओलीलाई धारा ७६(३) अनुसार नियुक्त गरेर विश्वासको मत नै नलिई धारा ७६(५) अनुसारको वैकल्पिक सरकारका लागि २१ घण्टे म्यादको पासा फ्याँकिन ।
यसैबीच कुदाकुद गर्दै १४९ जना सांसदको हस्ताक्षर लिएर आफूसमक्ष पुगेका कांग्रेस नेता शेरबहादुर देउवाले विश्वासको मत लिने आधार छैन भन्ने अनुमानकै भरमा रातारात ओलीरचित षड्यन्त्रकारी संसद् विघटन सिफारिसमा सही धस्काइन् । आफूसमक्ष पहिले पुगेका देउवा पक्षका १४९ सांसदको सजीव हस्ताक्षर ओलीले मुखको भरमा भनेको १५३ जना सांसदको समर्थन दाबीका अगाडि शौचपत्ती (ट्वाइलेट पेपर) सरह ठहरिनु लोकतन्त्र र विधिको हत्या नै हो । यसमा कुनै दुईमत छैन । ओली र भण्डारी कै संयुक्त खेलको परिणतिले व्यवस्थापिकामाथिको नाङ्गो हस्तक्षेप र राष्ट्रपतीय अधिकारक्षेत्रको व्याख्या न्यायिक निरूपणको विषय बन्यो । यो न्यायालयले जानाजान मागेको 'बिजनेस' थिएन । मन्त्रिपरिषद् गठनसम्बन्धी धारा ७६ का भिन्नभिन्न उपधाराहरूको बुई चढेर संसद्को अस्तित्व र लोकतन्त्रकै आत्मा मार्ने गरी चालिएको षड्यन्त्रकारी कदमले नै सबै प्रकरणलाई पदीय मर्यादासँग बाझिने गतिविधि दोहोऱ्याइरहे जनमत र संविधानको सम्मानका खातिर पनि संसद्ले महाभियोगको बाटो अख्तियार गर्नुको विकल्प रहनेछैन । साभार कान्तिपुर

## खुसीको खोजीमा......

फ्युचर जनरेसन कमिसन' गठन गरेको छ भने, इक्वेडरमा छुट्टै विभाग र वेलायतमा छुट्टै एजेन्सी (ह्वाट वर्क्स सेन्टर) गठन गरिएका छन । यी केही उदाहरण मात्र हुन्, विश्वभर नै यस्ता संस्था गठन गर्ने होड चलेको छ । नेपालले पनि खुसी बढ्छ वा घट्छ, यो सकारात्मक र नकारात्मक संवेगमा निर्भर हुन्छ । यसलाई प्रवर्द्धन गर्ने छुट्टै जिम्मेवारी भएको संगठनात्मक संरचना पनि छैन न त बजेट, कार्यक्रम निर्माणमा अवलम्बन गर्नुपर्ने खुसी र सुखका सूचकहरू नै निर्धारण भएका छन ।

**नेपाली कति खुसी छन ?**

वर्ल्ड ह्याप्पिनेस रिपोर्ट-२०२१ हालै सार्वजनिक भएको छ । १४९ देशको सर्वेक्षण गरिएको भनिएको यस प्रतिवेदनमा नेपालको स्थिति निराशाजनक भने छैन । यसअनुसार 'शून्य' पाउने देश सबभन्दा दुःखी र 'दस' अंक पाउने सबभन्दा खुसी र सुखी मानिन्छन । सबभन्दा खुसी देश फिनल्यान्ड देखिएको छ र यसपछि पाँचौं क्रमसम्म पर्नेमा डेनमार्क, स्विटजरल्यान्ड, आइसल्यान्ड र नेदरल्यान्ड्स छन । नेपाल ५.२६ प्राप्तांकसहित ८७ औं स्थानमा छ । सार्कमा भुटानबाहेक सबै देशभन्दा नेपालको स्थिति राम्रो देखिएको छ । यस वर्ष भुटान सर्वेक्षण गरिएका देशमा नपरेकाले तुलना गर्न सकिएन, तर गत वर्षसम्म नेपालभन्दा राम्रो स्थितिमा थियो । माल्दिभ्स ८९, बंगलादेश १०१, पाकिस्तान १०५, श्रीलंका १२९, भारत १४९ र अफगानिस्तान १४९ औं स्थानमा छन । आन्तरिक युद्धमा फसेको अफगानिस्तान विश्वकै सबभन्दा दुःखी देशमा परेको छ । नेपालले खुसी मान्नुपर्ने अर्को कुरा भनेको स्थितिमा लगातार सुधार हुनु हो । सन् २०१३ मा नेपाल १३५ औं स्थानमा रहेकामा सन् २०२१ मा ८७ औं स्थानमा रहनुलाई सन्तोषजनक नै मान्नुपर्छ । नेपालीका लागि आश्चर्यलाग्दो के छ भने, सुशासनका अन्य प्रतिवेदनमा नराम्रो स्थिति देखिँदा पनि, आर्थिक विकासका सूचकहरूमा खास प्रगति हुन नसकेको अवस्थामा समेत हामी सार्कमै बढी खुसी किन छौं ? हामी पूर्वीय दर्शनको प्रभावले बढी अध्यात्मवादी भएर हो वा भाग्यवादी भएर ? हाम्रो प्रयास राम्रो भएर हो वा सार्कका अन्य देशमा अव्यवस्थाका कारण ? साँच्चै विश्लेषणको विषय भएको छ । एउटा सकारात्मक पक्ष के छ भने, अन्य केही प्रतिवेदनमा पनि नेपाल सार्कमा अगाडि छ । ' वर्ल्ड जस्टिस प्रोजेक्ट' ले कानूनको शासनमा विभिन्न देशको स्थिति देखाउन गर्छ । यसको सन् २०२० को प्रतिवेदनमा ६१ औं स्थानमा परेर नेपाल सार्कका देशहरूमध्ये राम्रो देखिएको छ । अर्को 'ह्याप्पी प्लानेट इन्डेक्स' को २०२० को प्रतिवेदनमा नेपाल ४२ औं स्थानमा छ जुन निकै सन्तोषजनक मान्न सकिन्छ । सार्कका अन्य मुलुकहरूमा आतंकवाद र अशान्ति नेपालमा भन्दा बढी नै छ । नेपालमा बृहत् शान्ति सम्झौतापछि स्थितिमा निकै सुधार आएको मान्नैपर्छ । हामीले अपनाएको राजनीतिक व्यवस्था पनि यसका लागि पक्कै सहयोगी भयो होला । खुसी यस्तो भावना हो जसले अन्तरात्मादेखि नै सुख र हर्षको अनुभूति गराउँछ । त्यसैले यसको मूल्यांकन गर्ने विधि पनि बढी जटिल हुने गर्छ । हिजो राति राम्रोसँग निदाउनुभयो, हिजो कति पटक हाँस्नुभयो भन्नेजस्ता मनोविज्ञानका विधिहरू पनि प्रयोग गरेर खुसीको मापन गरिन्छ । सन् २०१८ को दुवई सम्मेलनमा भुटानका मन्त्रीले आफूलाई अति विलासी होटलमा राखिएकाले रातभर सुत्न नसकेको बताएका थिए । यसबाट ती देशका नागरिकहरू नै खुसी र सुखी हुन सकेका छैनन् । भौतिक प्रगति, बाह्य तडकभडक, शक्तिको तामसले वास्तविक खुसी दिन सक्दैन भनी ती देशहरूले बुझ्न जरुरी छ । साभार कान्तिपुर

## वाईड रेन्ज...............

परोपकारी गतिविधि मार्फत् गरीब र असहाय हरूको सेवामा अनवरत खटिनु भएका स्वर्गीय श्री बि एम श्रीनीवास र उहाँको छोरा स्वर्गीय बि एस नारायणको दुरगामी सोच अनुरूप अगाडी बढिरहेको छ । यस शैक्षिक संस्थाले साढे सात दशकको निरन्तरको यात्रा सँगै ४०००० विध्यार्थी हरू लाई उच्च पेशागत शीप, दक्षता सहितको विश्व भरि मान्यता प्राप्त शैक्षिक प्रमाणपत्र मात्र दिलाएन, संसारको जुनसुकै कुनामा पुगे पनि सफल इन्जिनियर र इन्डस्ट्रियल लीडरको रूपमा स्थापित गराउन सफल भएको छ । १३ वटा अन्डरग्याजुएट प्रोग्राम, १६ पोष्टग्याजुएट र पि एच डी सञ्चालन गरि रहेको बि एम यस कलेज अफ इन्जिनिएरिङ्ले प्रभावकारी शिक्षण पद्दती अवलम्बन गर्नका लागि स्वच्छ हरभरा बातावरणमा उच्च पुर्वाधारका बिच राष्ट्रिय तथा अन्तर राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त डाक्टर, प्रोफेसर र कुसल ब्यबस्थापक हरूको प्रतक्ष्य सम्लग्नतामा पठन पाठन गराइरहेको छ ।

# उपेन्द्र यादव पक्षको निष्कर्ष : महन्थ ठाकुरले जनतासँग माफी नमागेसम्म एकता असम्भव



**बीरगन्ज ०५ साउन ।**

जनता समाजवादी पार्टी नेपाल (जसपा)को उपेन्द्र यादव पक्षले महन्थ ठाकुरले जनतामा माफी नमागेसम्म एकता नहुने निष्कर्ष निकालेको छ ।

यादव पक्षको मंगलबार बसेको संसदीय दलको बैठकले सो निष्कर्ष निकालेको हो । ठाकुर पक्षको कार्यकारिणी समितिको बैठकले पार्टीको आधिकारिकताका लागि यादवले निर्वाचन आयोगमा दिएको निवेदन फिर्ता लिए एकताका लागि पहल गर्न सकिने निर्णय गरेको सन्दर्भमा आफूहरुको बैठकले ठाकुरले जनतासँग माफी मागेमात्रै एकता सम्भव हुने निष्कर्ष निकालेको सांसद प्रदीप यादवले जानकारी दिए । 'आयोगमा दिएको निवेदन फिर्ता लिन उपेन्द्र यादवलाई प्रस्ताव आएको छ । आजको संसदीय दलमा त्यो विषयमा एजेण्डा नभएपनि समान्य छलफल भएको छ', यादवले भने, 'प्रस्ताव ठिक वा बेठीक भन्दा पनि महन्थ ठाकुर पक्षले सार्वजनिक रुपमा जनतासँग माफी नमागेसम्म पुन: एकताका लागि प्रयास गर्नु हुँदैन भनि निष्कर्ष निकालिएको हो ।'

पुस ५ मा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेपछि जसपा आन्दोलित भएको थियो । जसको चर्को विरोध महन्थ ठाकुर र राजेन्द्र महतोले गरेका थिए । दोस्रो पटक विघटन हुँदा पनि उनीहरुले नै ओलीलाई साथ दिएपछि जसपामा तीव्र अन्तरविरोध हुँदै पार्टी आधिकारिकताका लागि निर्वाचन आयोगसम्म विवाद पुगेको हो । तर यता जसपा महन्थ ठाकुर पक्षका कार्यकारिणी सदस्य शरत सिंह भण्डारीले भने एकताका लागि विभिन्न कोणबाट छलफल भएपनि ठोस प्रस्ताव उपेन्द्र यादवलाई नपठाएको बताए । यद्यपी आयोगमा दिएको निवेदन फिर्ता लिए एकताको वातावरण बन्ने उनको धारणा थियो । यसैबीच यादव पक्षको संसदीय दलले विधान पारित गरेको छ । सो विधानलाई कार्यकारिणी समितिबाट पारित गरी पुनः संसदीय दलमा ल्याएर दलको नेता चयन गर्ने प्रकृया सुरु गरिने सांसद यादवले बताए । यसअघि बहुमत सांसदको हस्ताक्षरबाट ठाकुर पक्षका राजेन्द्र महतो संसदीय दलका नेता चयन भएका थिए । तर प्रकृया मिचेर नेता बनेको भन्दै यादव पक्षले त्यसलाई अस्वीकार गर्दै आइरहेको थियो । हाल महतोलाई संसदीय दलको नेता बनाउने सांसदहरु उपेन्द्र यादव पक्षमा गएको कारणले महतो संसदीय दलको नेताबाट स्वत: पदमुक्त भएको उनको दावी छ । हाल जसपा संसदीय दलको नेतामा यादव पक्षको बहुमत देखिएको छ ।

# कक्षा १२ को परीक्षा साउन अन्तिमसातादेखि



**काठमाडौं ०५ साउन ।**

कोरोना (कोभिड-१९) भाइरस सङ्क्रमणका कारण स्थगित कक्षा १२ को अन्तिम वार्षिक परीक्षा साउन मसान्तबाट सुरु गरिने भएको छ । विद्यार्थीको भौतिक उपस्थितिमा परीक्षा सञ्चालन हुने र विगतको झैँ एक सय पूर्णाङ्कको लिखित परीक्षा लिइने भएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा. डा. चन्द्रमणि पौडेलले कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र ९सीसीएमसी०ले विद्यार्थीको भौतिक उपस्थितिमै कक्षा १२ को परीक्षा गर्न अनुमति दिएको जानकारी दिँदै साउनको अन्तिमबाट परीक्षा सुरु गर्ने योजना रहेको बताए । यसअघि बोर्डले विद्यार्थीको भौतिक उपस्थितिमै परीक्षा सञ्चालन गर्न (सीसीएमसी)सँग अनुमति मागेको थियो । अब एक-दुई दिनभित्रै बोर्डको बैठक बसेर परीक्षाका बारेमा कार्यतालिका सार्वजनिक गर्ने जनाइएको छ ।

यसैबीच बोर्डले यसपटक एक सय पूर्णाङ्कै परीक्षा सञ्चालन गर्ने भएको छ । गत वर्ष कोरोना भाइरसका कारण कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीसित जम्मा ४० पूर्णाङ्कको परीक्षा लिइएको थियो । बोर्डको यस खालको तयारीपछि अब कक्षा १२ का विद्यार्थीले तीन घण्टाकै परीक्षा दिनुपर्नेछ । कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थी उच्च शिक्षामा प्रवेश गर्ने र विदेशी विश्वविद्यालयमा अध्ययनका लागि समेत जाने हुँदा गुणस्तरमा कमी गर्न नहुने भएकाले लिखित परीक्षा नै लिने निचोडमा पुगिएको हो ।

# बाढीले कमला नदीको कटान सुरु जनजीवनलाई झनै कष्टकर बन्दै

**जनकपुरधाम ०५ साउन ।**

कोरोना महामारीले जनजीवन अस्तव्यस्त भइरहेका बेला असारे बाढीले जनजीवनलाई झनै कष्टकर बनाउदैं लगेको छ । यसको प्रभाव धनुषा, सिरहा लगायतका जिल्लामा समेत परिरहेको छ ।

धनुषा र सिरहाको सिमावर्ती क्षेत्रमा रहेको कमला नदीमा आएको बाढीले धनुषाका सबैला, शहिदनगर नगरपालिका र कमला नगरपालिका लगायतका क्षेत्रमा २ हजार भन्दा बढी घरधुरी उच्च जोखिममा परेका छन् ।

दुईदिनदेखी परेको भारी वर्षाका कारण आएको बाढीमा परि कमला नदीले बिहानदेखि तटबन्ध कटान गर्न सुरु गरेको छ । कमला नदीको बाढीले ठूलो जनधनको क्षति गर्न थालेको छ । कमला नदीको बाढीले सबैला नगरपालिकाको वडा नम्बर ४ र १३, कमला नगरपालिकाकाको वडा नम्बर ४ , ५, ६, ७, र ८ र शहीदनगर नगरपालिकाको वडा नम्बर १ को बस्ती जोखिममा रहेको छ ।

# कम्पनीको लापरबाहीको कारण मलेसियामा नेपाली युवक मृत्यु



**रौतहट ०५ साउन ।**

रौतहटका एक युवकको वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा मृत्यु भएको छ । रौतहटको फतुवा बिजयपुर नगरपालिका वाड नम्बर ६ पेटभर्वाका ३३ वर्षीय मदन बैठाको मृत्यु भएको हो ।

बैठा सोमबार साँझ ५ बजे काम गरिरहेको अवस्थामा अचानक पेट दुखेपछि अचेत भएका थिए । अचेत बैठालाई तत्काल अस्पताल पठाउन कम्पनीलाई एम्बुलेन्स उपलब्ध गराइदिन अनुरोध गरेपनि कम्पनीले चासो नदेखाएको उनका सहकर्मी भरत साहले सामाजिक सञ्जालमार्फत जानकारी दिए ।

मृतक मदन बैठा करिब ४ वर्ष अगाडि थ्बपब म्यानपावर काठमाडौंमार्फत थक ायच्क ष्लमगमतचष्भक दजम कम्पनीमा गएका थिए । उक्त कम्पनीको लापरवाहीको कारण बैठाको मृत्यु भएको पीडित परिवारको आरोप छ ।

मृतकको शव छिटो नेपाल ल्याउन र मलेसिया सरकारबाट पाउने सुबिधा उपलब्ध गराउन पहलको लागि नेपाल सरकारसंग परिवारले आग्रह गरेका छन् ।

# वाईड रेन्ज कन्सलटेन्सीद्वारा स्कलरसिप इन्फर्मेसन सेसन एण्ड प्रेस मिटको आयोजना

**बीरगन्ज ०५ साउन ।**

सन् २००७ देखि भारतका उत्कृष्ट बिश्वबिद्यालय, कलेज र इष्टीच्यूटहरूमा उच्च शिक्षा हासिल गर्ने उदेश्यले जान चाहने बिध्यार्थीहरूलाई गुणस्तरीय शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको वाइड रेन्ज कन्सल्टेन्सीले बिध्यार्थी हरूलाई मेरीटको आधारमा भारतीय दुतावासले प्रदान गर्ने सतप्रतिशत छात्रवृतिको बारेमा जानकारी गराइरहेको छ। वाइड रेन्ज कन्सल्टेन्सीले भारतका उत्कृष्ट बिश्वबिद्यालय, कलेज र इष्टीच्यूटमा आफै गएर त्यस शैक्षिक संस्थामा रहेको पुर्वाधार, शिक्षाको गुणस्तर, अन्तर्राष्ट्रिय बिध्यार्थीहरू अनुभव र छात्रवृतिका बारेमा जानकारी प्राप्त गरी बिध्यार्थी र अभिभावकहरूलाई सत्य तथ्य जानकारी गराउदै आएको छ । हाल शैक्षिक सत्र २०२१-२२ को लागि भर्ना प्रकृया अगाडि बढाउने समयमा वाइड रेन्ज कन्सल्टेन्सीले यो स्टडी इन इन्डिया स्कलरसिप इन्फर्मेसन सेसन एण्ड प्रेस मिटको आयोजना गरेको हो ।

**कम्प्लेक्स स्कलरसिप के हो ?**

भारतीय दुतावास काठमाडौं ले प्रतेक बर्ष मेधावी र मेहनती बिध्यार्थी हरू लाई मेरीटको आधारमा सतप्रतिशत छात्रवृतिमा भारतका उत्कृष्ट बिश्वबिद्यालय र कलेजमा पढ्नको लागि पुर्ण छात्रवृति कम्प्लेक्स स्कलरसिप २०२१ मार्फत प्रदान गर्दै गर्दै आएको छ । अगस्ट चार तारिख सम्म आबेदन दिने अन्तीम मिति रहेको यस छात्रवृतिमा अन्डरग्याजुएट प्रोग्राम BE ENGINEERING, PHARMACY, AGRICULTURE, FOOD TECHNOLOGY र B.Sc. NURSING का लागि शैक्षिक सत्र २०२१-२२ का लागि बिध्यार्थीहरूले आबेदन दिने ब्यबस्था गरिएको छ ।

यस बर्ष कोरोनाको महामारीका कारण यो कम्प्लेक्स स्कलरसिप टेस्ट कम्पुटर वेसमा अगस्टको चौंथो साता परिक्षा लिइने भएको छ । कक्षा १२ पास गरेका र परीक्षा दिएका दुबै बर्गका बिध्यार्थीले यो स्कलरसिप टेस्ट दिन मील्ने भारतीय दुतावास द्वारा निस्कासित छात्रवृति फारम भर्ने तरिकामा उल्लेख गरिएको छ । कक्षा १२ मा ६०% प्राप्ताङ्क ल्याएका बिध्यार्थीहरूले यो छात्रबृती दाबि गर्न सक्ने छन् । छात्रवृति सम्बन्धी सम्पूर्ण जानकारी भारतीय दुतावासको वेबसाइटमा राखिएको छ । कम्प्लेक्स स्कलरसिप प्रदान गर्ने भारतको उडिसामा अबस्थित कालिङ्गा इष्टीच्यूट अफ इन्डस्टियल टेक्नोलोजी किट युनिभर्सिटी लाई वाइड रेन्ज कन्सल्टेन्सीले नेपालमा प्रबर्धन गर्देआएको छ । किट युनिभर्सिटी सन् १९९२मा स्थापित यस शैक्षिक संस्था बिकसित हुँदै हाल भारतकै MHRD र्याङकिङमा नम्वर वान प्राइभेट युनिभर्सिटी, NIRF र्याङकिङमा २४ औ स्थानमा पर्न सफल भएको छ भने ल्वब टायर वान र NAAC A ग्रेड लगायतका थुप्रै रेटीङ र्याङकिङ हात पार्न सफल भएको छ । तिस हजार आदिबासी जनजाति किशोर किशोरी हरूलाई निशुल्क शिक्षा प्रदान गराउन सफल किस प्रोजेक्ट का अध्यक्ष तथा किट युनिभर्सिटी का चेयरम्यान अचुत सामन्तको दुरदर्शी विचारधारात्मक संघर्ष कै कारण किट युनिभर्सिटी आज अन्तर्राष्ट्रिय बिध्यार्थी, बिश्वबिद्यालय र इन्डस्ट्री जगतमा प्रसिद्ध बन्दै गइरहेको छ ।

कम्प्लेक्स स्कलरसिपमा बिध्यार्थी भर्ना गरिरहेको र वाइड रेन्ज कन्सल्टेन्सीले नेपालमा प्रबर्धन गर्दै आएको अर्को शैक्षिक संस्था हो, बि एम यस कलेज अफ इञ्जिनिएरिङ् । सन् १९४६ मा स्थापना भएको बि एम यस कलेज अफ इञ्जिनिएरिङ् भारतकै गार्डेन सिटी बेङ्गलोरकै मुटु बुल टेम्पल रोडमा अबस्थित रहेको छ । बिश्व स्तरीय गुणस्तरीय शिक्षा मार्फत् समृद्ध बिकासको परीकल्पना गरेको बी एम यस कलेज अफ इञ्जिनिएरिङ् भारतकै पहिलो प्राइभेट कलेज जसले ब्याबसायिक सफलता संग संगै थुप्रै

बाँकी तेश्रो पृष्ठमा


## विश्रामपुर गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
विश्रामपुर बारा
प्रदेश नं.२,नेपाल

### सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना
पहिलो पटक प्रकाशित मिति : २०७८/०४/०६

यस विश्रामपुर गाँउपालिकाको वडा नं.२ को स्वास्थ्य चौकीको लागि एक जना कार्यालय सहयोगी आवश्यक्ता भएकोले देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरिकले आवश्यक कागजात र दरखास्त दस्तुर बुझाएको रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र यस गाँउपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | विज्ञापन नं. | पद | आवश्यक माग संख्या | तह/श्रेणी | सेवाको प्रकृति | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०७८/७९ | कार्यालय सहयोगी | १ (एक) | श्रेणी विहिन | करार | रु.५०० ।- | |

**तपशिल**

१. न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकार मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा ८ पास गरेको
२. उमेर हद : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।
४. पारिश्रमिक तथा सेवा सुविधा :करार सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।
५. परिक्षाको किसिम तथा छनौट प्रक्रिया : शैक्षिक योग्यत,स्थानीय,अनुभव खुल्ने कागजात वा अन्तर्वार्ता
६. दरखास्त फाराम यस गाँउपालिकाको प्रशासन शाखाबाट उपलब्ध गराईनेछ ।
७. दरखास्त दस्तुर : रु.५००/-
८.निवेदन पेश गर्नुपर्ने आवश्यक कागजातहरु :
नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी एक थान
पासपोर्ट साईज फोटो एक थान
सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी एक थान
कार्य अनुभव र तालिम प्राप्त गरेको भए सो को प्रमाणित प्रतिलिपी एक थान
पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्ने
९. अन्य कुराहरु कार्यालयको निर्णयानुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत